जिल्ला आचारसंहिता अनुगन समितिमा १०७६ उजुरी

लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै

■ प्रभाव संवाददाता

काठमाडौं– निर्वाचन आचारसंहिता, २०८२ उल्लंघन भन्दै जिल्ला आचारसंहिता अनुगमन समिति र अनुगमन अधिकृतसमक्ष कुल एक हजार ७६ वटा उजुरी परेको निर्वाचन आयोगले जनाएको छ ।

त्यसमध्ये एक हजार ६१ वटा (९९ प्रतिशत) फरफ्रोट भएको आयोगले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । प्रदेशगतरूपमा हेर्दा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २४४ वटा उजुरी परेका छन् । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९६ उजुरी परेका छन् । प्राप्त उजुरीमध्ये ९७ वटा (नौ प्रतिशत) लिखित र ९७९ वटा (९१ प्रतिशत) टेलिफोन, एसएमएसलगायत अन्य स्रोतबाट प्राप्त भएका थिए ।

प्राप्त उजुरीमध्ये सबैभन्दा धेरै तोकिएको आकारभन्दा ठूला तुल, ब्यानर र झण्डा प्रयोग गरेको, सामाजिक सञ्जालको दुरुपयोग गरेको, डिजे माइक बजाएर ध्वनि प्रदूषण गरेको, शिलक तथा कर्मचारीहरूरस्थानीयजनप्रतिनिधिहरू प्रचारप्रसारमा हिँडेको, सार्वजनिक स्थान र सवारीसाधनमा झण्डा टाँगेको, अनुमति नलिएका सवारीसाधन प्रयोग गरेकोलगायत विषयमा रहेको उनले बताए ।

निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाही गर्ने प्रक्रिया जारी राखेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन अधिकृत, सुरक्षा निकाय तथा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयहरू क्रियाशील छन् । केन्द्रीय आचारसंहिता अनुगमन समितिमा इमेल, व्यक्तिगत दर्ता तथा सञ्चारमाध्यमबाट जानकारी निइएकासमेत २५४ उजुरीमध्ये ८८ वटा उजुरीमा स्पष्टीकरण सोधिएकामा ५७ वटाको जवाफ प्राप्त भएको आयोगले जनाएको छ ।

चार राजनीतिक दललाई सोधियो स्पष्टीकरण

आयोगबाट सोधिएका स्पष्टीकरणमध्येराजनीतिकदलहरूलाई सोधिएका स्पष्टीकरणको संख्या चार र उम्मेदवारलाई सोधिएको स्पष्टीकरणको संख्या ३३ रहेको छ । त्यसबाहेक सरकारी/सैद्धिक संस्था/कर्मचारी तथा अन्य व्यक्तिलाई ५१ वटा स्पष्टीकरण सोधिएको छ । प्रदेशगतरूपमा कोशी प्रदेशमा आठ, मधेस प्रदेशमा १३, बागमती प्रदेशमा ४०, गण्डकी प्रदेशमा छ, लुम्बिनी प्रदेशमा सात, कर्णाली प्रदेशमा चार र सुदूरपश्चिम प्रदेशमा चारवटा रहेका छन् ।

आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाहीका प्रक्रियाअन्तर्गत आयोगबाट सम्बन्धित राजनीतिक दल, उम्मेदवार तथा निकायबाट स्पष्टीकरणसमेत लिई सोउपर जाँचबुझपछि निर्णय भएको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (अ) र (ण) विपरीत कार्य गरेकोमा नेपाली कम्युनिस्ट पार्टीका जाजरकोट निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार शक्तिबहादुर बस्नेतलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम २५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय भएको उनले बताए ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (ठ), (ण) र (प) प्रतिकूल कार्य गरेकामा आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा रूपन्देही निर्वाचन क्षेत्र नं २ मा नेपाल जनसेवा पार्टीका उम्मेदवार डा. कमल भुसाल (निकोलस भुसाल)लाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम २५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय भएको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ को खण्ड (छ) र ऐ. आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड (घ) को उल्लंघन गरेकामा धर्म संस्कृति पार्टीलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) तथा आचारसंहिताको दफा ४८ को उपदफा (१) बमोजिम २५ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय भएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का तर्फबाट बाँके निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार बुरेन्द्र सुनारलाई निर्वाचन आचारसंहिता प्रतिकूल हुनेगरी अभिव्यक्ति नदिन सचेत गराउने निर्णय भएको आयोगले जनाएको छ ।

सहकारीको ऋण नतिर्नेलाई कारबाही गर्ने प्रशासनको चेतावनी

काभेपलाञ्चोक (प्रस)– सहकारीबाट ऋण लिएर नतिर्ने ऋणीलाई जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयले लिएको ऋण तत्काल तिर्न अनुरोध गरेको छ । यहाँका दुई संकटग्रस्त सहकारीबाट ऋण लिई नतिर्ने तथा सम्पर्कमा नआउने ऋणीलाई कारबाहीको दायरामा ल्याउने प्रशासनले चेतावनी दिएको हो ।

जिल्ला प्रहरी कार्यालय काभेपलाञ्चोकले बनेपा नगरपालिकामा सञ्चालित दुई सहकारीबाट ऋण लिई नतिर्ने ऋणीलाई तत्काल तिर्न सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ । कार्यालयले बनेपा-७ स्थित मुकुल बचत तथा ऋण सहकारी संस्था र बनेपा-१० को पशुपति बचत तथा ऋण सहकारी संस्थाबाट ऋण लिएर नतिर्ने ऋणीलाई सूचनामार्फत तिर्न आग्रह गरिएको कार्यालयका अनुसन्धान अधिकृत एवं प्रहरी निरीक्षक बेदनारायण थेप्ठले जानकारी दिए । ती दुई सहकारीबाट ऋण लिएका १४२/१४२ जनाले ऋण लिई ऋण चुक्ता नगरेकाले तत्काल उक्त रकम चुक्ता गर्ने योजनासहित अनिवार्य कार्यालयमा उपस्थित हुन सूचना जारी गरिएको उनले बताए ।

अनुसन्धान अधिकृत थेप्ठका अनुसार ती दुवै सहकारीका बचतकर्ताले जम्मा गरेको रकम हिनामिना गरी ठगी गरेकाले उक्त सहकारीका सञ्चालक समितिका पदाधिकारीलाई कारबाही गरी ठगी रकम दिलाई पाऊँ भनी कार्यालयमा मुद्दा दायर भएको छ ।

कार्यालयले तोकेको पाँच दिनको समयसीमाभित्र सम्पर्कमा नआएमा खोजीकार्य गरी कानुनबमोजिम कारबाही गरिने उनले बताए । बचत रकम फिर्ता नगरेपछि उजुरी परेका सहकारीको छानबिन भइरहेको जनाउँदै अनुसन्धान अधिकृत थेप्ठले ती सहकारीका ऋणीलाई क्रमशः ऋण तिर्न अनुरोध गर्दै जाने उल्लेख गरे ।

जिल्लामा सञ्चालित करिब एक दर्जन सहकारीका सञ्चालकले हालसम्म बचतकर्ताको बचत रकम ठगी गरेको भन्दै प्रहरीकोमा उजुरी परेको छ । उजुरीमध्ये सहकारीको रकम अपचलन अभियोग लागेका २६ जना पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०८२/११/१६

यस श्री सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह मनहरी ०६ मकवानपुरले आ.व २०८२।८३ मा स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार हलापाडा रुखहरूबाट सकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्रीका लागि छुट्याई बाँकी रहेको साल समेतको गोलिया थान १७६ को ११८.९९ क्यु.फि. काठ तथा दाउरा सालको ४.०० घट्टा र आ.व. २०८१।०८२ मा कटान मुछान गरी बिक्री गर्दा छुट्याईएको जिल्ला वन पैदावार आपूर्ति समितीलाई साल गोलिया थान १२३ को ९.४० ९७ क्यु.फि. काठ बोलपत्र मार्फत लिलाम बिक्री गनुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भरिद भरि २२ औं दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

श्री सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह
मनहरी ०६ मकवानपुर

Sunkoshi Rural Municipality
Office of the Rural Municipal Executive
Mulkharkha, Okhaldhunga
Koshi Province, Nepal

NOTICE OF BID CANCELLATION

Date of Cancellation: (28 February 2026) 2082/11/16 BS

This is to notify all the bidders that, the bid called for the "Katunje Ma. Vi. Ward No. 9 Khelmaidan Starunnati, 18/NCB/GCWORKS/SRM/082/83 (published on Prabhab Daily dated 2082-11-14), is hereby cancelled as per Public Procurement Act, 2063 clause no. 26 and the provision mentioned in Instruction to Bidders (ITB 31) section of the bidding document.

Chief Administrative Officer

धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा

सिलबन्दी दरभाउपत्र (Sealed Quotation) आव्हानको सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२/११/१५ गते)

प्रस्तुत विषयमा यस धार्चे गाउँपालिकाको आ. व. २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रम र योजनाहरुको लागि सार्वजानिक खरिद ऐन २०६३, को दफा ४० र सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म इजाजतपत्र नविकरण भएको प्रमाणपत्र, मुअ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, आव. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, कारवाही वा कालोसुचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना जानकारी गराईन्छ । साथै दरभाउपत्र धार्चे गाउँपालिकाको प्राविधिक शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

तपशिलः

क्र. सं.	सिलबन्दी दरभाउपत्र नं.	कामको विवरण	लागत अनुमान (रु.) (भ्याट सहित)	धरौटी रकम (रु.)
१	DRM/SQ/WORKS/01/2082/083	धार्चे आधारभुत अस्पताल पर्खाल निर्माण आयोजना	१४,९८,४१०।४०।-	३४,५००
२	DRM/SQ/WORKS/ 02/2082/083	लाप्राक शाखा सडक स्तरसन्नती	१४,९८,८००।५९।-	३४,५००
३	DRM/SQ/WORKS/ 03/2082/083	कपनन सडक निर्माण	१४,९९,६४३।८३।-	३४,५००
४	DRM/SQ/WORKS/ 04/2082/083	सातकन्या मावि भवन निर्माण	१९,९८,४६०।९९।-	५०,०००
५	DRM/SQ/WORKS/ 05/2082/083	पलुंग खोरला सडक निर्माण	१९,९९,५७७।१४।-	५०,०००

शर्तहरुः

१. सिलबन्दी दरभाउपत्र फारम दस्तुर यस कार्यालयको हिमालयन बैंक लि। माछीखोला शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ग. १-१-२४४९३६५३२००६२ (राजस्व शीर्षक-१४२२९) मा रु. १०००।- (एक हजार मात्र) जम्मा हुने गरि सो को भौचर फारम पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र फारमको साथ धरौटी बापतको रकम यस कार्यालयको हिमालयन बैंक लि. माछीखोला शाखामा रहेको धरौटी खाता नं. ग. ३-२४४९३६५३२०१०८ मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । दरभाउपत्र मान्य हुने अवधी सिलबन्दी दरभाउपत्र खोल्ने तय भएको मितिबाट कम्तिमा ७५ (पचहत्तर) दिनको हुनु पर्नेछ र सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधी बोलपत्र मान्यहुने अवधी भन्दा कम्तिमा ३० (तीस) दिन बढी हुनु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फारम, सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (२०८२/१२/०१) को १२:०० बजेसम्म पेश गरि सक्नुपर्नेछ। सोहि दिन (२०८२/१२/०१) को १४:०० बजे कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाध्य हुने छैन ।

४. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजानिक विदा परेमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ। यस्तो अवस्थामा सिलबन्दी दरभाउपत्र र सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधी भने साविककै मितिदेखि गणना गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोसो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ ।

६. कुनै वा सबै सिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

७. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजानिक खरिद ऐन २०६३, र सार्वजानिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ। साथै सिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखि वा फोन नं. ९८५६०४१४५१/९८६२००२४७४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

खुवेतमा रोजगार — कम्पनी : BANGS SALON FOR LADIES BEAUTY CO

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब RO	बी.एम.
1.	HAIRDRESSER	0	3	150	४७,०१०
2.	MANICURE/PEDICURE	0	3	150	४७,०१०

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फाल्गुन ३३ गते (7th Mar. 2026) मा हुनेछ ।

Chinari Overseas Pvt. Ltd.
Dhobidhara, Kathmandu, Nepal, Tel.: +977-1-4372922/ 4376922, E-mail: chinarioverseas@gmail.com Website: chinarioverseas.com
Dept. License 1168/073/074

ओमनजा रोजगार — कम्पनी : AZYAN FOR BUSINESS

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब OR	बी.एम.
1	Hair Stylist -Female	0	1	170	६४,३२०

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फाल्गुन ३३ गते (7th Mar. 2026) मा हुनेछ ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Putalisadak-10, Kathmandu, Nepal. Tel.: +977-01-4888343/ 4599333, Email:- emeraldisleNepal@gmail.com, info@einepal.com

साउदीमा रोजगार — कम्पनी : SAMA BURHAN BEVERAGE ESTABLISHMENT

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब SR	बी.एम.
1	Coffee Maker	1	0	1500	५८,२४०

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फाल्गुन ३३ गते (7th Mar. 2026) मा हुनेछ ।

Euro Tech Consultancy Pvt. Ltd.
Sorakhutte, Kite, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021266, 9851064992, 9860366663, 9829113270, 9851059472, 9823176302, 9706899162

साउदीमा रोजगार — कम्पनी : CHINA ENERGY ENGINEERING GROUP GUANGDONG POWER ENGINEERING COMPANY LIMITED

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब SR	बी.एम.
1	LOAD AND UNLOAD LABOUR	1	0	1200	८६,४४७

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फाल्गुन ३३ गते (7th Mar. 2026) मा हुनेछ ।

FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4393645, 4393646, 4393647
Email: info@frontlinerecruitment.com

साउदी/ओमनमा रोजगार — कम्पनी : NOAH CAFE FOR SERVING DRINKS

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब SR	बी.एम.
1	Food & Beverage Controller	1	0	1200	८६,४४७

कम्पनी : AL KHALURA MOOD LLC

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब OR	बी.एम.
1	Barista	1	0	150	४६,४४४

कम्पनी : ISSAM AL SABRI MODERN PROJECTS

क्र.सं.	कामदारको पद	लक्ष्य संख्या पुरुष	महिला	तलबी तलब OR	बी.एम.
1	Pastries Maker	3	0	150	४६,४४४
2	Food Waiter (Male)	3	0	140	४२,०४०
3	Cafe Waiter	3	0	140	४२,०४०
4	Barista	3	0	150	४६,४४४
5	Sandwitch Maker	4	0	140	४२,०४०

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फाल्गुन ३३ गते (7th Mar. 2026) मा हुनेछ ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausarhrm@gmail.com